# मूर्त र अमूर्त  कला संस्कृतिको प्रदर्शन र संरक्षणमा संग्राहलयको भूमिका

**विश्व संग्रहालय दिवसको उपलक्ष्यमा**

**नेपाल म्युजियम एसोसिएसन्सद्वारा २०७४ जेठ २ गते आयोजना गरिएको गोष्ठीमा प्रस्तुत कार्यपत्र**

**नेपाल पर्यटन वोर्ड २०७५/२/२**


**प्रस्तुतकर्ता**

**प्रा.डा. वीणा पौड्याल**

**beena.poudyal@gmail.com**


“समाजमा नयाँ पुस्तालाई आफ्नो साँस्कृतिक परम्परा प्रति आस्था र गौरव गर्ने शिक्षाको अभाव छ । नयाँ पुस्तालाई राष्ट्रिय साँस्कृतिक परम्पराको महत्व बोध गराएर त्यस प्रति आस्था र निष्ठा जगाउने खालका औपाचारिक एवं अनौपचारिक शैक्षिक सामाग्रीहरुको व्यवस्था गरि उनीहरुमा रहेको उदासिनता हराई यस समस्याको सामना गर्न सकिन्छ ।”

(राष्ट्रिय संस्कृति नीति)

२०६७

# मूर्त र अमूर्त संस्कृतिको प्रदर्शन र संरक्षणमा संग्रहालयको भूमिका

**विषय प्रवेश:** राष्ट्रको पहिचान र गरिमा हो संस्कृति हामीहरुको सम्पूर्ण जीवनपद्धती नै संस्कृतद्वारा शासित छ । एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने संस्कृति मानिसले सिक्छ र सिकाउन खोज्दछ । नेपाल सरकार राष्ट्रिय संस्कृतिको परिभाषा निम्नानुसार गरिएको छ । “वर्तमान नेपालका सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोवास गरेका विभिन्न मानव समुदाय वा मानव समुदायहरुले सिर्जना गरेर छाडेका र हाल बसोवास गरिरहेका हाम्रा विभिन्न जात जाति एवं समूदायका पुर्खाहरुले सिर्जना र अवलम्बन गरि हामीलाई जिम्मा लाएर गएका भौतिक र अभौतिक सम्पदाहरु र त्यस अनुरुपको जीवनशैलीको समष्ठिगत रुप नै नेपालको राष्ट्रिय संस्कृति हो । ”

यस परिभाषाले भौतिक र अभौतिक (मूर्त र अमूर्त) सम्पदालाई समेटेर संस्कृतिको घेरा प्रष्ट पारेको छ । राष्ट्रिय संस्कृति नीतिमा परेको उद्देश्यमा प्रस्टसँग भनिएको छ । भौतिक एवं अभौतिक दुवै किसिमका नेपाली सांस्कृतिक सम्पदाहरुको सर्वेक्षण, अध्ययन एवं अनुसन्धान गरि तिनीहरुको वैज्ञानिक तथा प्रमाणिक सूची र विवरण प्रकाशमा ल्याउने कार्य गरिनेछ ।

विश्वमा नेपाल हिमाल, बुद्ध, मूर्ति, मन्दिर, विहार, स्तुप र चाडपर्वको अर्थात मूर्त र अमूर्त संस्कृति र सम्पदाको देश भनेर पनि चिनिदैं छ । विभिन्न समयमा आइपरेका प्राकृतिक प्रकोप र उचित संरक्षणका अभावमा यहाँका सम्पदाहरु चोरी पैठारी र नष्ट भइरहेका छन् । संरक्षणको अभावमा यहाँका सांस्कृतिक र प्राकृतिक सम्पदाहरु नाँसिदै छन् । आफ्नो संस्कृतिको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको दायित्व हो । सांस्कृतिक सम्पदाहरुको संरक्षण र व्यवस्थापन कार्यलाई वैज्ञानिक ढंगले नियमन र संरक्षण गर्न आवश्यक एवं नियम निर्देशिका र कार्यविधिहरुको व्यवस्था गर्न सम्बन्धित निकायमा पहल गर्नु आवश्यक छ ।

सांस्कृतिक सम्पदाहरुको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यलाई वैज्ञानिक, सहभागितामूलक र प्रभावकारी तुल्याउन प्राचीन स्मारक संरक्षण ऐन २०४६ तथा गुठी  ऐन २०३३ मा आवश्यकता अनुसार सुधार गर्नुपर्ने देखिन्छ ।

मूर्त संस्कृति सम्पदाहरुको संरक्षण र प्रचार-प्रसार संस्कृति र सम्पदा भन्दा विभिन्न दृष्टिकोणबाट सहज र सरल हुन्छ । मूर्त सम्पदा संरक्षण, पुननिर्माण गर्न ज्यादै कठीन छैन तर अमूर्त सम्पदा नष्ट भयो भने त्यसको मूल नै मासिन्छ ।

मौखिक परम्परा, भाषा, अभिव्यक्ति, प्रस्तुति कला, पर्व /जात्रा सङ्गै सामाजिक घटना, विश्व ब्रह्माण्ड, प्रकृति बारेमा ज्ञान र अध्यास परम्परागत हस्तकला जसलाई अमूर्त संस्कृति/सम्पदा भनिएको छ , तिनको प्रदर्शन र संरक्षणमा संग्राहलयले महत्वपूर्ण भूमिका खेल्न सक्तछ । सरकारी र गैर सरकारी संग्राहलयले विविध वस्तुहरुको प्रर्दशन सँगै तिनको प्रस्तुति गरेर अमूर्त संस्कृतिको संरक्षण गरिरहेका छन् । नेपाल लोकवाजा संग्राहलयमा विविध वाजाहरुको प्रदर्शन र प्रस्तुतिद्वारा तिनको प्रचार प्रसार भै रहेको छ । संग्राहलयले खेल्ने भूमिकाको यो सानो उदाहरण हो ।

हाम्रो जीवन परम्परा र संस्कृतिलाई विश्व सामू पुऱ्याउन संग्राहलयले महत्वपूर्ण भूमिका खेलेको छ । प्राकृतिक विपत, भूकम्पले भत्किएर टेवा लगाएर अड्याइएका मठ, मन्दिर र पाटी-पौवामा पनि देवमूर्तिले दैनिक पूजा-पाठ पाइरहेका छन् । यो अमूर्त संस्कृति भित्रको मूर्त परम्पराको ज्वलन्त उदाहरण हो । भूकम्पले भत्किएका घरको माटो/इँटाको थुप्रो माथि तानिएका रथ र बोकेर दौडिएका खट मूर्त र अमूर्त संस्कृतिको अर्को सुन्दर उदाहरण हो ।

**संग्राहलय परिचयः**

संग्रह गर्न योग्य विभिन्न वस्तु संग्रह गरेर राखिएको थलोलाई संग्राहलय भनिन्छ । त्यस्तो थलोमा प्राचिन र वर्तमान समयका विविध वस्तु संग्रह र प्रदर्शन गरिएको हुन्छ । त्यहाँ एकै प्रकारका अथवा विविध प्रकारका वस्तुहरु संग्रह र प्रदर्शित हुन्छन् ।

International Council of Museums (ICOM) अनुसार संग्राहलय समाजको सेवा र विकासको लागि खोलिएको संस्था हो । जसले मानिस र पर्यावरणको संरक्षण गर्न तीनको संग्रह, शोध, प्रचार र प्रदर्शन गर्दै शिक्षा, मनोरञ्जन प्रदान गर्दछ ।

शब्दकोश र विश्वकोषहरुमा संग्रहालयलाई सांस्कृतिक र शैक्षिक प्रायोजनको लागि वस्तुहरुको सङ्कलन, अध्ययन, प्रदर्शन र संरक्षण गर्ने संस्था भनीएको छ ।

नवौँ/दशौँ शताब्दीतिर यूरोपका गिर्जाघरहरुमा बहुमूल्य, आर्कषक वस्तुहरु सङ्कलन गरिएका थिए । सौखिन र धनाड्य मानिसहरुले पनि आ-आफ्नै ढंगले विविध सामाग्री संकलन गर्दथे । नीजी घर र गीर्जाघरमा त्यस्ता सामानहरु थुप्रदैं गएर नअट्ने भएपछि सत्रौं शताब्दीमा एउटा बेग्लै घरमा ती सामान सारीएर संग्राहलयको स्वरुपमा परिणत भएको मानिन्छ । नेपालको पहिलो राष्ट्रिय संग्राहलयको इतिहास पनि यस्तै छ ।

बेलायतमा सन् १६८३ मा औपचारिक रुपमा खुलेको अक्सफोर्ड विश्वविद्यालयको अक्समोलियन म्युजियम विश्वकै पहिले संग्राहलय हो । सन् १७५३ मा बेलायतमै खुलेको ब्रिटिश म्युजियम लोकप्रिय चर्चित संग्राहलय मा पर्दछ । अमेरिकामा १८६९ मा अमेरिकन म्युजियम अफ नेचुरल हिस्ट्री र १८७० मा मेट्रोपोलिटियन म्युजियम अफ आर्ट, न्युर्योक स्थापना भएका थिए । मेट्रोपोलिटियन म्युजियम अफ आर्ट संसारकै ठूलो संग्राहलयमा पर्दछ । विश्वकै विभिन्न देश (इजिप्ट, रोम, ग्रीस, चीन, भारत, तिब्वत, नेपाल) का मूर्ति चित्र र कलात्मक वस्तुहरुको संग्रह र प्रदर्शन यहाँ गरिएको छ । सातै दिन खुल्ने यो संग्राहलयमा प्रवेश गर्न वयस्कहरुलाई २५ डलर र जेष्ट नागरिकलाई १७ डलर र विद्यार्थीहरुलाई विशेष पासको व्यवस्था छ । जर्मनीको म्युनिकमा खुलेको वल्ड र न्यु पीनाकोटे संग्राहलय विस्तृत रुपमा अवलोकन गर्न ७/८ दीन नै लाग्दछ ।

फ्रान्सको लुब्रे संग्राहलयका विभिन्न मूर्ति र चित्रहरुसँगै लियोनार्दोदा भेन्चीको कृति मोनालिसाको चित्र अवलोकन गर्न पर्यटकहरुको घुँइचो लाग्दछ । १० अगस्ट १७९३ मा पेरिसमा खुलेको लुब्रे म्युजियमका

भीजीटरको संख्या २०१७ मा ८.१ मीलियन (८१ लाख) पुगेकोबाट यसको लोकप्रियता झल्कन्छ । तेह्रौं शताब्दीको दरवारमा पछिल्लो समयमा संग्राहलायकै लागि बनेका बैज्ञानिक ढंगका घरहरु थपिदैं गएर लुब्रे म्युजियम विशाल बनेको छ ।

कलकत्तामा १८१४ ई.मा खुलेको भारतिय संग्राहलय भारतको पहिलो आधुनिक संग्राहलय मानिएको छ । तंजौरको बुह्दीश्वर मन्दिरलाई प्राचिन संग्राहलय भन्दै इतिहासकारहरुले अजन्ता, ऐलोरा, खचुराहो, ऐलीफेन्टा, बाघको गुफा, सांची र भरहुतको स्तुपलाई पनि संग्राहलयको अवधारणा नजिक मानेका छन् । यस्तै नेपालमा खुल्ला संग्राहलयको रुपमा काठमाडौ, पाटन र भक्तपूर दरवार क्षेत्र, चाँगुनारायण मन्दिर, स्वयम्भू नाथ, बुंगमति, खोकना, बौद्ध र पशुपति क्षेत्रलाई लिन सकिन्छ ।

अन्तर्राष्ट्रिय संग्राहलय परिषद् (आइकम) ले संग्राहलयलाई शिक्षा र मनोरञ्जन प्रदान गर्ने थलोको साथ साथै मूर्त र अमूर्त संस्कृतिको संरक्षण गर्ने केन्द्रको रुपमा लिएको छ । नेपालका सरकारी र गैर सरकारी संग्राहलयहरुले मूर्त (मूर्ति, चित्र, हात हतियार, पोशाक,वाजा ) संकलन र प्रर्दशनसङ्गै अमूर्त संस्कृति(मूर्तिसँग जोडिएका पर्व, पूजा, संरक्षणको शिक्षा) को बारेमा जानकारी र चेतना फैलाउने कार्य पनि गरेको देखिन्छ । यस सन्दर्भमा जवाहरलाल नेहरुले संग्राहलयको बारेमा भनेको कुरो सान्दर्भिक देखिन्छ । "The museums are not just the places to see old things or Ajayabgharas as they used to be called. They are should be essential part of the educational system and cultural activities of the country. What is more they are places for public education" .

अंग्रेजी ट्यान्जीवल र इनट्यान्जीवलको रुपान्तरण हो भौतिक (मूर्त) र अभौतिक (अमूर्त) शब्द । यसलाई सम्पदा र संस्कृतिसँग जोडेर भौतिक (मूर्त) र अभौतिक(अमूर्त) सम्पदा/संस्कृति भनिन्छ । नेपालमा अमूर्त सम्पदा र संस्कृतिको अभ्यास गर्ने चलन जता ततै देखिन्छ । त्यही अभ्यास मूर्त स्वरुपमा संग्राहलयमा सुरक्षित र प्रदर्शित हुदाँ, समाजका सबै वर्गले लाभ लिन सक्दछन् । संग्राहलयले अनौपचारिक शिक्षाद्वारा समाजमा सकारात्मक परिवर्तन ल्याउन सक्दछ । विकसित देशहरुमा प्रविधि मार्फत संग्राहलयले दिने शिक्षाबाट विभिन्न उमेरका मानिसहरुले जानकारी सँगै मनोरञ्जन पनि प्राप्त गरेका देखिन्छ । विज्ञानले आविष्कार गरेको विद्युतका विभिन्न उपकरणहरुको सहायताले संग्राहलयका विविध वस्तुहरु अवलोकन गर्दै जानकारी प्राप्त गर्न सकिन्छ । प्राकृतिक र अन्य सामाग्रीलाई सजाएर आर्कषक ढंगले शिक्षा र मनोरञ्जनसँग सँगै दिने प्रविधि डायरोमा (त्रिविम प्रर्दशन) संग्राहलयहरुले लामो समय देखि अपनाउँदै गरेको देखिन्छ ।

नेपालका संग्राहलयहरुले पनि डायरोमा थ्री डाइमेनशनल प्रविधि अपनाएर दर्शकलाई आकर्षक ढँगले मनोरञ्जन र शिक्षा प्रदान गरिरहेका छन् । नेपाल पर्वतारोहण संग्राहलय (पोखरा) नेपाल राष्ट्रिय जातीय संग्राहलय (भृकुटिमण्डप), गोरखा सँग्रहालय (सँग्राहालय) राष्ट्रिय सँग्रहालय (छाउनी) प्राकृतिक सँग्राहलय (छाउनी) ले स्तरिय ढँगले बिभिन्न वस्तुको प्रतिकृति प्रदर्शन गरेर दर्शकलाई मनोरञ्जन,

शिक्षा र सुचना प्रदान गरिरहेका छन् । स्कुलको विधार्थीहरुलाई सँग्राहलय अवलोकन गर्न बारेबाट आकर्षण गर्ने, डायरोमा प्रविधिको अझ विस्तार गर्नु पर्दछ । संग्राहलयले मूर्त र अमूर्त कला, संस्कृति/सम्पदाको महत्व, संरक्षण र प्रचार-प्रसार गर्न संग्राहलय अस्थाइ रुपमा चौवाटो, चोक, डवली, शैक्षिक र संस्थामा डायरोमा प्रविधि अपनाएर प्रदर्शन गर्न सकिन्छ । आफ्नो देशमा बाहेक विदेशमा पनि यस प्रकारको पदर्शन गर्ने चलन व्यापक हुदैंछ । प्रदर्शन गरिएका कला कृति र विविध सामाग्रीहरुको बारेमा सही तथ्याङ्क सहित मनोरञ्जनात्मक ढंगले जानकारी दिने तालिम प्राप्त गाइडको व्यवस्था संग्राहलयले गर्न सक्नु पर्दछ । वर्षको एक दुइ पल्ट विषयका विज्ञहरुलाई विशेष निम्तो दिएर उनीहरुद्वारा संग्राहलयमा प्रदर्शित र संकलित सामाग्रीको बारेमा प्रवचन, छलफल वा टुर आयोजना गरेर संग्रालय अवलोकन प्रति रुची जगाउन सकिन्छ । यस्तो विशेष कार्यक्रममा संग्राहलयका छिमेकीहरु, शैक्षिक संस्थाका प्राध्यापक, प्राचार्य, सरकारी कर्मचारीहरु र विद्यार्थी बाबु नानीलाई पनि बोलाउनु पर्दछ ।

**उपसंहार**

"एउटा परम्पराको ज्ञाता मर्नु भनेको एउटा पुस्तकालय नै ढलेर भष्म हुनु हो ।" यस चर्चित भनाइले अमूर्त संस्कृतिको महत्वलाई बुझ्न मद्धत गर्दछ । मूर्त/अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धनमा संग्राहलयको भूमिकाबारे प्रत्येक सचेत नागरिकले प्रचार-प्रसार गर्नु पर्दछ । हाम्रा मौलिक सांस्कृतिक सम्पदाको महत्व नयाँ पूस्तालाई बुझाएर तिनको संरक्षण, संवर्द्धनमा लाग्ने प्रेरणा प्रदान गर्ने प्रमुख थलोको रुपमा संग्राहलयको भूमिकालाई विकास गर्दै लानु पर्दछ । संग्राहलयमा प्रदर्शन गरिएका चित्र र मूर्तिहरुको मूर्त स्वरुप निर्माण गर्न निर्देशन प्रदान गर्ने शास्त्र र प्रतिमा विज्ञानका पुस्तकहरुको स्रोतको बारेमा पनि संक्षिप्त जानकारी संग्राहलयले प्रदान गर्न सके दर्शकहरुको संख्यामा उत्साहजनक बृद्धि हुन्छ । जस्तो छैटौं शताब्दीको बृहतसंहिता र विष्णुधार्मोत्तर पुराण, चौथो शताब्दीको मानसार, एघारौं शताब्दीको मयदिपीका, मयसंग्रह, समराङ्गसुत्रधार, बाह्रौं शताब्दीको शिल्परत्न आदि ग्रन्थहरुमा मूर्तिको तालमान, नाप, स्थापनाको नियम उल्लेख गरिएका छन् । संग्राहलयको विभिन्न कक्षमा प्रदर्शन गरिएका चित्र र मूर्तिको विवरण राख्दा ठाँउ ठाँउमा मूर्ति/चीत्र निर्माण गर्ने श्रोत बारे संक्षिप्तमा राख्दा जानकारी मूलक र रोचक हुन्छ ।

पारम्पारिक संग्राहलय मूर्त विरासतको संरक्षणमा केन्द्रित देखिन्छ । नव संग्राहलय मूर्त सँङ्गै अमूर्त विरासतको संरक्षणमा पनि कार्यरत हुन्छ । पारम्परिक संग्राहलयले जस्तो अतितका धरोहरलाई आकर्षित ढंगले सजाएर प्रदर्शित गर्ने कार्य मात्र नव संग्राहलयले गर्दैन । नव संग्राहलयले लैकिक कलालाई सांस्कृतिक पहिचानसँग जोडेर आधुनिक परिप्रेक्षमा उपयोगी बनाएर त्यसको निरन्तरतालाई सुनिश्चित गर्दछ ।

पारम्परिक र नब दुवै संग्राहलयको मूल उद्देश्य सांस्कृतिक प्राकृतिक धरोहरको रक्षा गरेर सुरक्षित-संरक्षित गरेर आउने पीढिलाई सम्झाउदैं, बुझाउदैं, ज्ञान दिदैं निरन्तरता बनाई राख्ने हो । पारम्परिक

संग्राहलय आत्मकेन्द्रित भूमिकाको कारण यस उद्देश्य पूर्ण गर्न असक्षम भएको बेला त्यही कार्य गर्न नव संग्राहलयले लागि परेर गरेको देखिन्छ ।

नव संग्राहलय विज्ञानको अवधारणा सार्वजानिक रुपमा उद्घोष हुनु भन्दा पूर्व नै विभिन्न राष्ट्रले यस अवधारणा कार्य प्रणालीलाई अपनाएर कार्य गरिरहेका थिए । नव संग्राहलय विज्ञानको आरम्भ फ्रान्समा १९७० मा नै भएको थियो । १९७२ मा चिलीमा भएको सेमिनारमा यस विषयमा छलफल भएको थियो ।

सम्पूर्ण संग्राहलय (Integral Museum ) को अवधारणा विकसित हुदैं छ । Integral इन्टिग्रेल म्युजियम लाटिन अमेरिकाको खोज र Eco Museum युरोपको खोज मानिन्छ । सम्पूर्ण सांस्कृतिक पर्यावरणसम्म विस्तृत भएकोले इको म्युजियम भनिन्छ । अर्न्तराष्ट्रिय संस्था आइकमले संग्राहलयलाई अनौपचारिक शैक्षिक केन्द्रको रुपमा परिभाषित गरेको छ ।

यसरी संग्राहलयमा मूर्त कला कृतिको प्रदर्शनमा अमूर्त दर्शनको निर्देशन र सन्देश प्राप्त गर्न सकिन्छ ।

संग्रहालय सम्बन्धी आधिकारीक संस्था अन्तराष्ट्रिय संग्रहालय परिषद् अनुसार संग्रहालय नाफा नकमाउने स्थायी अध्ययन संस्था हो । यो सर्वसाधारणका लागि सार्वजनिक रुपमा खुला गरिएको हुन्छ । समाज प्रति ठूलो जिम्मेवारी तथा उत्तरदायित्व बोकेको एउटा गतिशील शिक्षण संस्था हो । सबै उमेर, समुदायका मानिसलाई शिक्षा तथा मनोरञ्जन उपलब्ध गराउने महत्वपूर्ण केन्द्र पनि हो । संग्रहालयमा नेपालको बुहुउद्देश्यीय संग्रहालय हो राष्ट्रिय संग्रहालय । "प्राचीन तथा साँस्कृतिक महत्वका वस्तुहरु सङ्कलन, सर्वेक्षण, संरक्षण, सम्बर्द्धन, प्रदर्शन, अभिलेखिकरण, वर्गीकरण, सार्वजनिक सेवा, निदेशन सेवा, अनुसन्धान तथा प्रकाशन, मनोरञ्जन आदि जस्ता कार्य सम्पादन गर्नु संग्रहालयको दायित्व हो ।

( राष्ट्रिय संग्रहालयको कला सम्पदा पृ.७ )

संग्रहालयले राष्ट्रको सामाजिक, सांस्कृतिक रुपान्तरणमा जोड दिन सक्नु पर्दछ । संग्रालयमा यति जना आए भनेर संख्या गन्नु भन्दा अन्य संग्रहालय भन्दा यस संग्रालयबाट के सिकेर गए नयाँ के देखे ? भन्ने प्रश्न सोध्ने र आएको उत्तरमा सन्तुष्ट मान्नु पर्दछ ।

संग्रहालयद्वारा अनौपचारिक शिक्षाको लागि पर्याप्त सम्भावना हुँदा हुँदै पनि यसले विकासको खुडकिलो उक्लीन सकेको छैन । नेपालको सम्दर्भमा राष्ट्रिय संग्रहालयले व्यक्तिगत र संस्थागत रुपमा खुलेका संग्रहालयहरुलाई एउटै छातामा ल्याउन सक्नु पर्दछ ।

धेरैले अवलोकन गर्ने संग्रहालयमा १) पाटनको पाटन संग्रहालय

२) पोखराको इन्टरनेशनल माउन्टेन

३) पोखराकै गोर्खा मेमेरियल म्यूजियम

४) नारायणहिटी प्यालेस म्यूजियम

५) नाम्चे बजारको शेर्पा म्यूजियम

६) गोर्खा संग्रहालय म्यूजियम

७) पोखराको अन्नपूर्ण बटरफयाई म्यूजियम

८) छाउनीको राष्ट्रिय संग्रहालय

९) पोखराको पोखरा संग्रहालय

१०) भक्तपुरको नेशनल आर्ट ग्यालरी

११) बौद्धको तारागाउँ म्यूजियम

१२) काठमाडौं नेचुरल हिस्ट्री म्यूजियम

१३) काठमाडौं, सैनिक संग्रहालय

१४) पाटनको ज्यापू संग्रहालय

पर्दछ । संग्रालय बारे जनचेतनाको अभाव हुँदा हुँदै पनि अन्तरिक पर्यटकहरु मध्ये स्कूलका विद्यार्थी बाबु नानुहरुले संग्रालयमा गएर अनौपचारिक शिक्षा ग्रहण गर्ने परम्पराले निरन्तरता पाइरहेको छ ।

संग्रहालय ऐन आजका मिति सम्म बन्न सकेको छैन । असले गर्दा संग्रहालको संख्या र प्रकार तोक्न पनि सकिने अवस्था छैन । संग्रहालय विज्ञानको छुटै व्यावहारिक शिक्षाको पढाईको व्यवस्था नभएको अवस्थामा यस विषयका विज्ञहरुको अभाव खरकिरहन्छ । त्रि.वि.कीर्तिपुरको संस्कृति विभागमा संग्रहालयबारे पढाई हुन्छ तर त्यो पर्याप्त छैन ।

**सन्दर्भहरु**


१. उषा रानी तिवारी र आरती पाण्डेय, <u>नव संग्राहलय विज्ञान,</u> कला प्रकाशन, बाराणासी, २०११.

२. गिरिशचन्द्र शुक्ला र विमलेश कुमार पाण्डेय, <u>संग्राहलय विज्ञान (Museology),</u> मोतीलाल बनारसीदास, दिल्ली, २००२

३. Gary Edson and David Dean, <u>The Handbook for Museums,</u> Routledge, London, 1994

४. Pashupati Kumar Dwivedi, <u>Museum in Nepal</u>, Sushila Dwivedi, Kathmandu, 1976

५. राष्ट्रिय संग्राहलय, <u>राष्ट्रिय संग्राहलयको कला सम्पदा भाग एक,</u> छाउनी, २०७४

६. गोरखापत्र संस्थान, मधुपर्क वर्ष ५०, अङ्क १, काठमाडौ, २०७४ ।

७. गोविन्द न्यौपाने, “बालबालिकाका लागि संग्राहालय”, अन्नपूर्ण, २०७४, जेठ ६

८. नेपाल सरकार, <u>राष्ट्रिय संस्कृति निनी, २०६७,</u> काठमाडौ, २०६८

९. नेपाल सरकार, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, <u>स्मारिका-२०७५,</u> काठमाडौ, २०७५

१०. वीणा पौड्याल, “हनुमानढोका दरवार क्षेत्रका ऐतिहासिक एवम् पुरातात्विक स्मारकहरुमा भूकम्प २०७२ को प्रभाव र चुनौती” नेपाल प्रज्ञा प्रतिष्ठान, संस्कृति विभागको आयोजनामा २०७२ असार २२ गते भएको विचार गोष्ठीमा प्रस्तुत कार्यपत्र,

११. वीणा पौड्याल, <u>नेपाली मूर्तिकला र चित्रकला,</u> नेपाली इतिहास, संस्कृति तथा पुरातत्व के.वि., कीर्तिपुर, २०५७

१२. विष्णुराज कार्की, सरस्वती सिंह, संरक्षण पद्धति, मीरा कार्की, काठमाडौँ, २०६८

१३. प्रेम कुमार खत्री, “नेपाली संस्कृतिःएक परिशीलन” २०६२ असार १५ गते नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानमा प्रस्तुत गोष्ठी-पत्र ।